सुदूरपश्चिम विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय,
महेन्द्रनगर कञ्चनपुर ।

**स्नातक तह दोस्रो, चौथो र छैटौं सेमेस्टरको पूरक परीक्षा (Supplementary Exam) सम्वन्धी जरुरी सूचना ।**

**सूचना प्रकाशित मिति : २०७९ । ०९ । २४ गते**

सुदूरपश्चिम विश्वविद्यालय परीक्षा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८ (संशोधन सहित २०७९) को परिच्छेद ४ को नियम ४.१.५. बमाजिम **पूरक परीक्षा (Supplementary Exam)** मा सहभागी हुन अगिल्लो वर्ष सोही मेस्टरको परीक्षामा "नियमित रूपमा सहभागी भई सैद्धान्तिक परीक्षामा बढीमा दुई विषयमा मात्र अनुत्तीर्ण भएका विद्यार्थीहरू भागलिन पाउने छन्" भन्ने व्यवस्था भए अनुसार सुदूरपश्चिम विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय महेन्द्रनगरद्वारा २०७९ सालमा संचालन हुने स्नातक तह मानविकी तथा सामाजिक शास्त्र सङ्काय, शिक्षाशास्त्र सङ्काय, व्यवस्थापन सङ्काय, विज्ञान तथा प्रविधि सङ्काय, इन्जिनियरिङ्ग सङ्काय, कृषि विज्ञान सङ्काय **दोस्रो, चौथो र छैटौं** सेमेस्टर तथा कानुन सङ्काय अन्तर्गत **दोस्रो** सेमेस्टरको पूरक परीक्षामा सहभागीहुने परीक्षार्थीहरु स्वयम्ले निम्न विवरण अनुसार परीक्षा आवेदन फाराम भरी आ–आफ्नो क्याम्पस/विभागमा **मिति २०७९ माघ ८ गते** सम्म बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निम्न**

१. क्याम्पसले **पूरक परीक्षार्थी** भए नभएको यकिनगर्न गत सालको सोही खण्डको नियमित परीक्षा दिएको लब्धाङ्क पत्र हेरी रोल नम्बर र वर्ष फारामको निर्दिष्ट ठाउँमा लेख्नुका साथै लब्धाङ्क पत्रको छायाप्रति पेश गर्नु पर्ने छ ।
२. **क्याम्पस/विभागले फाराम बुझाउनु अगाडि :** सुदूरपश्चिम विश्वविद्यालय परीक्षा व्यवस्थापन तथा सञ्चालन कार्यविधि २०७८ को परिच्छेद ४ को नियम ४.१.५. (संशोधन सहित २०७९) मा **पूरक परीक्षा (Supplementary Exam)** मा "नियमित रूपमा सहभागी भई सैद्धान्तिक परीक्षामा बढीमा दुई विषयमा मात्र अनुत्तीर्ण भएका विद्यार्थीहरू भाग लिन पाउने छन्" भन्ने व्यवस्था अनुरूप अगिल्लो वर्ष नियमित रूपमा परीक्षामा सहभागी भई सैद्धान्तिक २ विषयमा अनुत्तीर्ण भएका विद्यार्थीलाई अनुत्तीर्ण २ विषयको मात्र परीक्षा फाराम भर्न भराउनु पर्ने छ । अन्यथा भएमा प.नि.का. जवाफदेही हुने छैन । विद्यार्थीले भरेका प्रत्येक फाराम रुजु गरी अंग्रेजी वर्णानुक्रमानुसार स्पष्ट लगत राखी एक प्रति प्रिन्ट सहित CD मा अथवा प.नि.का. को ईमेल ठेगाना **info@fwuexam.edu.np** मा राखी उपलब्ध गराउनु पर्ने छ ।
३. फाराम परीक्षार्थी स्वयम्ले भरी बुझाउनु पर्ने छ ।
४. परीक्षा दिने सैद्धान्तिक विषय छुट्याई कोड नम्बर सहित पुरा नाम स्पष्ट खुलाएर लेख्नु पर्ने छ
५. परीक्षार्थीले हालसालै खिचेको दुईप्रति एकनासको पासपोर्ट साइजको फोटो टाँसी फोटो र फाराममा समेत पर्ने गरी क्याम्पस प्रमुख/विभागीय प्रमुखको हस्ताक्षर हुनु पर्ने छ ।
६. क्याम्पस/विभागको हकमा :- पहिलो म्याद सकिएको २ दिनभित्र नै परीक्षा दस्तुर रकम बुझाएको बैङ्क भाउचर सु.प.वि.प.नि.का. को नबिल बैङ्क महेन्द्रनगरको खाता नम्बर २९०१०१७५००४२४ या नेपाल बैङ्क लिमिटेड महेन्द्रनगरको खाता नम्बर १५६००१०६८७४६६९००००१ मा एकमुस्ट दस्तुर रकम तिरेको बैङ्क भाउचर सहित परीक्षा आवेदन फाराम परीक्षा नियन्त्रण कार्यालयमा अनिवार्य रुपमा बुझाई सक्नु पर्नेछ ।
७. साधारण म्याद सकिएको ७ दिन भित्र (**मिति २०७९ माघ १५ गते सम्म**) दोब्बर दस्तुर लिई फाराम बुझिनेछ ।
८. परीक्षा शुल्क :- प्रति खण्ड वा प्रति सेमेस्टर स्नातक तहलाई रु ८०० का दरले लाग्नेछ ।
९. थप जानकारिका लागि प.नि.का.को **Website: www.fwuexam.edu.np,** या **exam.fwu.edu.np** मा पनि हेर्न सकिनेछ ।

परीक्षा नियन्त्रक